नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/०३/३० गते।

## प्रेस विज्ञप्ती- १२१

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

तपसिलमा उल्लेखित प्रतिवादी बन्दना उप्रेतिले मिति २०७५/११/०५ गते प्राइम कमर्सियल वैंक लिमिटेड, बागबजार शाखामा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनबाट वैंकिङ् कसूर मुद्दामा मिति २०७९।०३।०५ मा फैसला गर्दै प्रतिवादी बन्दना उप्रेतिलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा ३०(तीस) दिन कैद र रु. १ करोड ५९ लाख जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिवादीलाई मिति २०७९/०३/३० गते जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ४, चण्डोलबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **नाम:** | बन्दना उप्रेति |
| **उमेर:** | वैंकिङ्ग कसूर |
| **ठेगाना:** | ४२ बर्ष |
| **मुद्दाः** | जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं. ५ घर भई जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३२, डिल्लीबजार बस्ने |
| **सजाय:** | रु. १ करोड ५९ लाख जरिवाना र ३० दिन कैद |
| **फैसला मिति:** | २०७९।०३।०५ |
| **पक्राउ मिति:** | २०७९।०३।३० |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ४, चण्डोल |

**उप निर्देशक**
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०७९/०३/३० गते ।